मलेसियाको पानासोनिक ग्रुप अफ कम्पनिजका लागि विदेशी आप्रवासी कामदारहरूको जिम्मेवार भर्ती र रोजगारी सम्बन्धी नीति

1 अक्टोबर, 2022 मा संशोधित

विषय सूची

परिचय 3
नीतिको उद्देश्य 3
नीतिको दायरा 3
मलेसियामा पानासोनिकका लागि सहकार्यात्मक विधि 4
परिभाषाहरू 5
I. ड्यु डिलिजेन्स 8
II. स्वेच्छिक रूपमा रोजिएको रोजगार 8
भर्ती शुल्क र सम्बन्धित खर्च 8
II-2. रोजगार सम्झौता 8
II-3. वैदेशिक आप्रवासी कामदारहरूद्वारा स्वैच्छिक रूपमा रोजगार सम्झौताको खारेजी 9
II-4. हिँडडुलको स्वतन्त्रता 9
III. कलिलो उमेरका कामदार 10
IV. काम गर्ने समय र विश्राम दिनहरू 10
V. तलब र लाभहरू 10
VI. मानवीय व्यवहार 11
VII. गैर-भेदभाव 11
VIII. संघमा आवद्धता, श्रमिक-व्यवस्थापन संवादको स्वतन्त्रता 11
IX. बसोवास अवस्था र आवास 12
X. उपचारमा पहुँच 17
XI. शिक्षा, समीक्षा र सुधार 17

परिचय

नीतिको उद्देश्य

मलेसियाको पानासोनिक ग्रुप अफ कम्पनिजका लागि विदेशी आप्रवासी कामदारहरूको जिम्मेवार भर्ती र रोजगारी सम्बन्धी नीतिको उद्देश्य (यसपछि नीति भनिने) मलेसियाको पानासोनिक ग्रुप अफ कम्पनिजलाई विदेशी आप्रवासी कामदारहरूको भर्ती र रोजगारी जिम्मेवारीपूर्वक तथा दिगो ढङ्गले प्रबन्ध गर्ने मापदण्डहरू उपलब्ध गराउनु हो ।

यस नीतिले विदेशी आप्रवासी कामदारहरूको जिम्मेवार भर्ती र रोजगारीका मुख्य अङ्गहरूको व्याख्या गर्दछ, जुन मलेसिया र कामदारका सम्बन्धित देशहरूमा लागू गरिएका राष्ट्रिय कानुन, साथै सान्दर्भिक अन्तर्राष्ट्रिय मापदण्ड र प्रचलित कानुन तथा नियमहरूको पालना गरी तयार पारिएको छ ।

मलेसियाको पानासोनिक ग्रुप अफ कम्पनिजका लागि नीतिको पालना गर्नु अनिवार्य छ । यदि पानासोनिक ग्रुप कम्पनीले पहिले नै मानव अधिकार नीति अपनाइसकेको छ भने, अझ कडा नीति लागू हुने छ ।

अप्रिल 2022 मा, पानासोनिक ग्रुपले पानासोनिक ग्रुप आचार तथा अनुपालन संहिता अनि पानासोनिक ग्रुप मानव अधिकार तथा श्रम नीति लागू गऱ्यो । यस संशोधित नीतिले यो संहिता र नीतिलाई प्रतिबिम्बित गर्दछ ।

पानासोनिक ग्रुप आचार तथा अनुपालन संहिताले स्पष्ट रूपमा बताएको छ "विश्वभर व्यावसाय सञ्चालन गर्ने एक विश्वव्यापी संगठनको नाताले, पानासोनिकले अन्तर्राष्ट्रिय मान्यता प्राप्त मानव अधिकारको सम्मान गर्दछ । पानासोनिकले संयुक्त राष्ट्र संघ तथा अन्तर्राष्ट्रिय श्रम संगठनद्वारा स्थापित सान्दर्भिक मानव अधिकार सम्बन्धी नियम र मापदण्डहरूको पालना गर्दछ र तिनलाई आफ्ना कर्पोरेट गतिविधि र व्यावसायिक कारोबारहरूमा लागू गर्दछ । हामी पानासोनिक सदस्यहरूको मानव अधिकारमा हुने कुनै पनि प्रतिकूल प्रभाव साथै हाम्रा व्यावसायिक गतिविधि, उत्पादन र सेवाहरू र सम्बन्धित कारोबारहरूबाट हुन सक्ने कुनै पनि अपेक्षित प्रतिकूल प्रभावहरू रोक्न र न्यूनीकरण गर्न प्रयास गर्दछौँ..."

यो नीति मलेसियाको पानासोनिक ग्रुप अफ कम्पनिजका आन्तरिक नियमहरूमा (पानासोनिक ग्रुप कम्पनीले पहिले नै समान किसिमका आन्तरिक नियमहरू अपनाइसकेको अवस्थामा बाहेक) र रिक्रुटमेन्ट (भर्ती) एजेन्सीहरूसँगका सम्झौताहरूमा समायोजन गरिनुपर्छ ।

नीतिको दायरा

यो नीति मलेसियाको प्यानासोनिक ग्रुप कम्पनीले विदेशी आप्रवासी कामदारहरूको प्रत्यक्ष भर्ती र रोजगारीमा लागू हुने छ ।

यस नीतिका सिद्धान्तहरू कामदारहरू जुन देशका भए पनि, जुन रिक्रुटमेन्ट एजेन्सी वा मध्यस्थकर्ताहरू संलग्न भए पनि वा जुन प्रकारका रोजगारी भए पनि सबै प्रकारका भर्तीहरूमा लागू हुने छन् ।

यस नीतिमा मलेसियाको पानासोनिक ग्रुप अफ कम्पनिजका लागि विस्तृत मानव अधिकार नीति वा आचार संहिता समावेश गरिएको छैन । नीतिको दायराले मलेशियामा विदेशी आप्रवासी कामदारहरूको भर्ती र रोजगारीसँग सम्बन्धित प्राथमिकताका जोखिम क्षेत्रहरूलाई समेट्छ ।

मलेसियामा पानासोनिकका लागि सहकार्यात्मक विधि

मलेसियाको प्यानासोनिक कम्पनीहरूको समूह यो नीति लागू गरेर आफ्ना विधिहरूलाई एकसाथ पङ्क्तिबद्ध गर्न र एकै समूहको रूपमा मिलेर काम गर्न सहमत भएका छन् ।

परिभाषाहरू

मलेसियाको पानासोनिक ग्रुप अफ कम्पनिज - मलेसियाको पानासोनिक होल्डिङ्स कर्पोरेसन अन्तर्गत सङ्गठित कम्पनीहरू । [परिशिष्ट] कम्पनीहरूको सूची

रिक्रुटमेन्ट (भर्ती) एजेन्सी - रोजगारदातासँग करार सम्बन्ध राख्ने निकाय जसले कामदारको भर्ती र निज कामदारको उद्गम मुलुक भन्दा बाहिरको कार्यस्थलमा रोजगारीका लागि पुग्न सहजीकरण गर्दछ ।

शब्दावली

नैतिकता र अनुपालन को Panasonic कोड - संहिताले "हाम्रा प्रतिबद्धताहरू" (प्रत्येक Panasonic समूहले पूरा गर्नुपर्ने प्रतिबद्धताहरू) र "मेरा प्रतिबद्धताहरू" (प्रत्येक Panasonic सदस्यले पूरा गर्नुपर्ने प्रतिबद्धताहरू) सेट गर्दछ। सँगै, हामी हाम्रो आधारभूत व्यापार दर्शनलाई मूर्त रूप दिँदै, नैतिकता र अनुपालनको उच्चतम मापदण्डका साथ व्यापार गतिविधिहरू सञ्चालन गर्न प्रतिबद्ध छौं।

प्रत्यक्ष भर्ती - यसमा विदेशी आप्रवासी कामदारहरूको छनोट र विदेशी आप्रवासी कामदारहरू र पानासोनिक ग्रुप अफ कम्पनिज बीच रोजगार सम्झौता गरिए अनुसार कार्यस्थलसम्म पुग्ने सबै चरणहरू वर्णन गर्दछ ।

ड्यु डिलिजेन्स - अन्य व्यक्ति वा आफ्नै व्यवसायलाई हानि हुन नदिनका लागि अर्को पक्षसँग सम्झौता वा करारमा प्रवेश गर्नु अघि गरिने अनुसन्धान वा लिइने सावधानी ।

विदेशी आप्रवासी कामदार - रोजगारीको प्रयोजनले आफू जन्मेकोभन्दा फरक देशमा बसाइ सर्ने व्यक्ति ।

उद्गम मुलुक - भर्तीको समयमा कामदार बसोबास गरिरहेको देश ।

गन्तव्य देश - कामदारले काम गर्नका लागि यात्रा गर्ने देश ।

ऋण बन्धक - कर्जाका लागि धितोको रूपमा, ऋणीले आफ्नै वा आफ्नो नियन्त्रणमा रहेको व्यक्तिका सेवाहरू प्रदान गर्ने प्रतिज्ञा गरेबाट, मुनासिब ढङ्गले मूल्याङ्कन गरिएको खण्डमा यदि ती सेवाहरूको मूल्य, ऋणको परिसमापनमा लागू नहुँदा वा यदि ती सेवाहरूको समयावधि र प्रकृति क्रमशः सीमित र परिभाषित नहुँदा उत्पन्न स्थिति वा अवस्था ।

बँधुवा मजदुरी - ILO सूचकहरूमा बँधुवा मजदुरीको रूपमा चित्रण गरिए बमोजिम, दण्डको धम्की दिएर र व्यक्तिले स्वेच्छिक रूपमा आफ्ना सेवाहरू प्रदान नगरेकाले कुनै पनि व्यक्तिबाट लिइने सबै काम वा सेवा

मानव तस्करी - शोषण गर्ने उद्देश्यले धम्की वा बल प्रयोग वा अन्य प्रकारको जबरजस्ती, अपहरण, जालसाजी, धोका, शक्ति वा पद वा कमजोरीको वा अर्को व्यक्तिमाथि नियन्त्रण भएको व्यक्तिको सहमति प्राप्त गर्नका लागि जोखिम वा भुक्तान वा लाभहरू लिने-दिने अवस्थाको दुरुपयोग गरेर व्यक्तिहरूको भर्ती, ढुवानी, स्थानान्तरण,

शरणार्थी वा प्राप्ति ।

भर्ती शुल्क वा सम्बन्धित खर्चहरू - भर्ती प्रक्रियामा रोजगारी वा नियुक्ति पाउनका लागि कामदारले बेहोर्ने र कुनै पनि विधि, समय वा स्थानमा लगाइएको वा सङ्कलन गरिएको शुल्क वा खर्चलाई जनाउँछ ।

भर्ती शुल्क वा सम्बन्धित खर्चहरू - भर्ती प्रक्रियामा रोजगारी वा नियुक्ति पाउनका लागि कामदारले बेहोर्ने र कुनै पनि विधि, समय वा स्थानमा लगाइएको वा सङ्कलन गरिएको शुल्क वा खर्चलाई जनाउँछ ।

जिम्मेवार भर्ती / नैतिक भर्ती / निष्पक्ष भर्ती - न्यूनतम, पारदर्शी र कानुन बमोजिम र आवेदक वा कामदारहरूलाई बँधुवा वा बन्धक श्रमको जोखिममा नपार्ने वा अन्य कुनै पनि ढङ्गले उनीहरूको अधिकार तथा स्वतन्त्रता उल्लङ्घन नगर्ने गरी गरिने भर्ती ।

गोपनीयता सम्बन्धी कारणहरू (II-4. हिँडडुल गर्ने स्वतन्त्रता) - मलेसियाको पानासोनिक ग्रुप अफ कम्पनिजको सूचना सुरक्षा सम्बन्धी आन्तरिक नियमावलीमा परिभाषित गरिए बमोजिम, A जोन (अत्यधिक गोप्य व्यवस्थापन स्रोत वा सूचनाहरू प्रशोधन र भण्डारण गरिने क्षेत्र । यसमा कडा सुपरिवेक्षण गरिनुपर्ने वस्तुहरू भण्डारण गर्ने क्षेत्रहरू पनि पर्दछन्) मा पानासोनिक समूहका कर्मचारीहरू, सञ्चालक समितिका सदस्यहरू, अधिकृतहरू, प्रबन्ध निर्देशक र जोनमा सञ्चालन हुने व्यवसायसँग सम्बद्ध अन्य कर्मचारीहरूलाई मात्र पहुँच प्रदान गरिन्छ । भित्र र बाहिरका सबै पहुँच (प्रवेश) रेकर्ड गरिन्छ र अनाधिकृत व्यक्तिहरूलाई प्रवेश निषेध गरिएको छ ।

सुरक्षा सम्बन्धी कारणहरू (II-4. हिँडडुल गर्ने स्वतन्त्रता) – सुरक्षा र स्वास्थ्य व्यवस्थापन सम्बन्धी मलेसियाको पानासोनिक ग्रुप अफ कम्पनिजको आन्तरिक नियमावली र मलेसियाली राष्ट्रिय नियमवलीमा परिभाषित गरिए अनुसार मेसिनरी, रासायनिक पदार्थ, प्रकाश, ताप, ध्वनी, उच्च स्थान, विद्युत, अन्य ऊर्जा स्रोतहरू र यस्तै प्रकारका खतरनाक र हानिकारक पक्षहरूबाट कामदारहरूको स्वास्थ्य र सुरक्षा सुनिश्चित गर्न र व्यावसायिक दुर्घटनाहरू हुन नदिन लागू गरिने प्रतिबन्धहरू ।

[1]ILO बँधुवा मजदुरी सम्बन्धी महासन्धि, 1930 (No. 29)

[2]संयुक्त राष्ट्र संघको अन्तरदेशीय सङ्गठित अपराध विरुद्ध महासन्धि, मानव बेचबिखन, विशेष गरी महिला र बालबालिका तस्करी रोक्ने, दबाउने र सजाय दिने सम्बन्धी प्रोटोकल

[3] ILO सामान्य सिद्धान्तहरू र निष्पक्ष भर्तीका लागि कार्यसञ्चालन दिशानिर्देश र भर्ती शुल्क र सम्बन्धित खर्चहरूको निर्धारण

[4]निष्पक्ष भर्ती सम्बन्धओ ILO सामान्य सिद्धान्तहरू र कार्यसञ्चालन मार्गनिर्देशन र भर्ती शुल्क र सम्बन्धित खर्चहरूको परिभाषा

I. ड्यु डिलिजेन्स

मलेसियाको पानासोनिक ग्रुप अफ कम्पनिजले विदेशी आप्रवासी कामदारहरूको भर्ती र रोजगारीको सम्बन्धमा उनीहरूका भर्ती एजेन्सीहरूमा निरन्तर ड्यु डिलिजेन्स गर्ने छन् ।

a) मलेसियाको पानासोनिक ग्रुप अफ कम्पनिजले उद्गम मुलुक र गन्तव्य देशहरूमा भर्ती प्रक्रियामा संलग्न सबै सेवा प्रदायकहरूको पहिचान गर्ने छन् ।

b) मलेसियाको पानासोनिक ग्रुप अफ कम्पनिजले रिक्रुटमेन्ट (भर्ती) एजेन्सीहरूको प्रारम्भिक मूल्याङ्कन र निरन्तर अनुगमन सञ्चालन गर्ने छन् ।

c) मलेसियाको पानासोनिक ग्रुप अफ कम्पनिज र भर्ती एजेन्सीहरू बीचको आधिकारिक हस्ताक्षर गरिएको सम्झौतामा दुवै पक्षका अधिकार र दायित्वहरू परिभाषित गरिने छ । यसमा पारदर्शी र जिम्मेवार भर्ती र छनोट प्रक्रिया अनि शीर्षक अनुसारको भर्ती शुल्क र सम्बन्धित खर्चहरूको सूची समावेश गरिने छ ।

II. स्वेच्छिक रूपमा रोजिएको रोजगार

मलेसियाको पानासोनिक ग्रुप अफ कम्पनिज ऋण बन्धक लगायत बँधुवा मजदुरी वा मानव बेचबिखनमा संलग्न हुने छैनन् ।

a) सबै काम स्वैच्छिक हुनुपर्छ र अनुशासन कार्यवाहीको रूपमा बँधुवा मजदुरी निषेधित छ ।

II-1. भर्ती शुल्क र सम्बन्धित खर्च

मलेसियाको पानासोनिक ग्रुप अफ कम्पनिजले विदेशी आप्रवासी कामदारहरूलाई उनीहरूको रोजगारीसँग सम्बन्धित कुनै भर्ती शुल्क वा शुल्क लिने छैनन् र रिक्रुटमेन्ट (भर्ती) एजेन्सीहरूबाट असुल गराउन पनि दिने छैनन् ।

a) मलेसियामा पानासोनिक ग्रुप अफ कम्पनिजले ILO ले भर्ती शुल्क र सम्बन्धित खर्चहरूको परिभाषा गरे अनुसार, विदेशी आप्रवासी कामदारहरूको भर्ती र प्रत्यक्ष रोजगारीसँग सम्बन्धित सबै भर्ती शुल्क र सम्बन्धित खर्चहरू तिर्ने छन् ।

b) यदि विदेशी आप्रवासी कामदारहरूले त्यस्तो कुनै शुल्क र खर्च तिरेको पाइएमा, त्यस्तो शुल्क र खर्च वापतको रकम विदेशी आप्रवासी कामदारहरूलाई फिर्ता गरिने छ ।

II-2. रोजगार सम्झौता

सबै विदेशी आप्रवासी कामदारहरूले काम सम्बन्धी पारदर्शी नियम र सर्तहरूमा पहुँच प्राप्त गर्ने छन् र उनीहरूले रोजगारीमा आफ्नो सूचित सहमति प्रदान गर्न सक्ने छन् ।

a) छनोट गरिसकेपछि, सबै विदेशी आप्रवासी कामदारहरूलाई मलेशियाको पानासोनिक ग्रुप अफ कम्पनिजका विदेशी आप्रवासी कामदारहरूका लागि तयार गरिएको मानक रोजगार सम्झौताको ढाँचा अङ्ग्रेजीमा र कामदारहरूको मातृभाषामा अनुवाद गरिएको प्रति प्रदान गरिने छ ।

II-3. वैदेशिक आप्रवासी कामदारहरूद्वारा स्वैच्छिक रूपमा रोजगार सम्झौताको खारेजी

विदेशी आप्रवासी कामदारले हस्ताक्षर गरेको रोजगार सम्झौतामा कामदारको सम्झौता खारेज गर्ने अधिकार समावेश गरिएको हुन्छ ।

a) कानुनी रूपमा न्यूनतम अनिवार्य सूचना अवधिको पालना गरेर, विदेशी आप्रवासी कामदारहरूलाई सजाय वा तलब कटौती बिना आफ्नो रोजगारी समाप्त गर्ने स्वतन्त्रता हुने छ ।

b) मलेसियाको पानासोनिक ग्रुप अफ कम्पनिजले विदेशी आप्रवासी कामदारको स्वदेश फिर्ताको व्यवस्था र खर्च भुक्तानी गर्ने छन् ।

II-4. हिँडडुलको स्वतन्त्रता

मलेसियाका पानासोनिक ग्रुप अफ कम्पनिजले मुनासिब आधार बिना विदेशी आप्रवासी कामदारहरूको हिँडडुलको स्वतन्त्रतालाई प्रतिबन्ध लगाउने छैनन् । मलेसियाको पानासोनिक ग्रुप अफ कम्पनिजले विदेशी आप्रवासी कामदारहरूलाई उनीहरूको पहिचान वा अध्यागमन कागजातहरू, जस्तै सरकारले जारी गरेको परिचयपत्र, राहदानी, कार्य अनुमति वा डिप्लोमा र प्रशिक्षण प्रमाणपत्रहरू जस्ता शैक्षिक तथा प्रशिक्षण कागजातहरू राख्न नदिन वा अन्यथा नष्ट गर्न, लुकाउन, जफत गर्न वा पहुँच राख्न नदिन पाउने छैन ।

a) मलेसियाको पानासोनिक ग्रुप अफ कम्पनिजले विदेशी आप्रवासी कामदारहरूलाई अन्यथा गोपनीयता वा सुरक्षाको कारणहरूले निषेध गरिने बाहेक विदेशी आप्रवासी कामदारका कार्यस्थलको परिसरभित्र प्रवेश गर्न र प्रस्थान गर्न प्रतिबन्ध लगाउने छैन ।

b) मलेसियाको पानासोनिक ग्रुप अफ कम्पनिजले कामदारहरूलाई उनीहरूको निजी कागजात र सामानहरू अनाधिकृत पहुँचबाट सुरक्षित राख्न सुरक्षित र ताला लगाउन मिल्ने भण्डारण स्थल प्रदान गर्ने छन् ।

c) भण्डारण सुविधामा नि:शुल्क पहुँच हुने छ र विदेशी आप्रवासी कामदारहरूलाई भण्डारण गरिएका वस्तुहरूमा कुनै पनि बेला, कुनै प्रतिबन्ध वा अनुमति बिना स्वतन्त्र रूपमा र तुरुन्तै पहुँचयोग्य हुने छन् ।

d) मलेसियाको पानासोनिक ग्रुप अफ कम्पनिजले विदेशी आप्रवासी कामदारहरूलाई कुनै पनि धरौटी रकम जम्मा गराउन पाउने छैन ।

III. कलिलो उमेरका कामदार

मलेसियाको पानासोनिक ग्रुप अफ कम्पनिजले 18 वर्ष मुनिका विदेशी आप्रवासी कामदारहरूलाई उनीहरूको स्वास्थ्य र वृद्धिलाई खतरामा पार्ने वा रातको सिफ्टमा काम गर्ने वा ओभरटाइम लगायतका खतरामा पर्न सक्ने कुनै पनि काम गराउनु हुँदैन ।

IV. काम गर्ने समय र विश्राम दिनहरू

मलेसियाको पानासोनिक ग्रुप अफ कम्पनिजले काम गर्ने समय, विश्राम समय, ओभरटाइम समय, बिदा र छुट्टीहरू सम्बन्धी प्रचलित श्रम कानुन तथा नियमहरूको पालना गर्ने छन् । त्यसबाहेक, हामी विदेशी आप्रवासी कामदारहरूको मानसिक र शारीरिक स्वास्थ्यको रक्षा गर्न र उनीहरूलाई स्वस्थ जीवन शैली अपनाउने वातावरण प्रदान गर्न काम गर्ने मुनासिब कुल समय अपनाउन प्रयास गर्दछौँ ।
कुनै पनि विदेशी कामदारलाई काम गर्न बाध्य पारिने छैन ।

a) मलेसियाको पानासोनिक ग्रुप अफ कम्पनिजले सबै विदेशी आप्रवासी कामदारहरूलाई हरेक सात पात्र दिनमा कम्तीमा एक दिन (24 घण्टा) विश्राम लिन दिनुपर्ने छ ।

b) मलेसियाको पानासोनिक ग्रुप अफ कम्पनिजले सबै विदेशी आप्रवासी कामदारहरूलाई मलेसियाको कानुन र श्रम नियमहरू बमोजिम वार्षिक रूपमा तलबी बिदा दिने छन् । विदेशी आप्रवासी कामदारहरूले बिदाका लागि दिइएको आवेदन मान्य व्यावसायिक कारण बिना अस्वीकार गरिने छैन ।कुनै पनि विदेशी कामदारलाई ओभरटाइम काम गर्न बाध्य पारिने छैन ।

V. तलब र लाभहरू

विदेशी आप्रवासी कामदारहरूलाई भुक्तानी गरिने पारिश्रमिक न्यूनतम ज्याला, ओभरटाइम भत्ता सम्बन्धी कानुन लगायत प्रचलित स्थानीय पारिश्रमिक कानुन र कानुन र/वा सम्झौता (जुन धेरै हुन्छ) अनुसार दिनुपर्ने कुनै पनि अतिरिक्त लाभहरू बमोजिम प्रदान गरिनुपर्दछ ।

a) अनुशासन सम्बन्धी कारवाही स्वरूप तलब कटौती गर्न अनुमति दिइने छैन ।

b) सबै विदेशी आप्रवासी कामदारहरूलाई यथासमयमा तलब विवरण उपलब्ध गराइने छ । तलब विवरणमा गरिएको कामको सही क्षतिपूर्ति भएको छ भनी प्रमाणित गर्ने पर्याप्त विवरण समावेश हुने छ र यसमा कुनै पनि कानुनी कटौती रकमलाई शीर्षक छुट्याएर प्रष्ट पारिने छ ।

VI. मानवीय व्यवहार

मलेसियाको पानासोनिक ग्रुप अफ कम्पनिजले कुनै पनि प्रकारको कठोर, अपमानजनक वा अमानवीय व्यवहारबाट मुक्त कार्यस्थल उपलब्ध गराउने छन् ।

a) सबै विदेशी आप्रवासी कामदारहरूलाई सम्मान र मर्यादापूर्वक ढङ्गले व्यवहार गरिने छ । कुनै पनि विदेशी आप्रवासी कामदारलाई अनुशासन सम्बन्धी कारवाही स्वरूप कुनै पनि शारीरिक, यौनजन्य, मनोवैज्ञानिक वा मौखिक उत्पीडन वा दुर्व्यवहार, अथवा रकम जरिवाना वा अपमान गर्न पाइने छैन ।

b) उत्पीडन र दुर्व्यवहार विरुद्ध रोकथाममूलक तथा सुधारात्मक कार्यहरू व्याख्या गर्ने मानक नीति र कार्यविधि र अनुशासन सम्बन्धी कारबाही सम्बन्धी नियमहरू विधिवत रूपमा लागू गरिने छ ।

VII. गैर-भेदभाव

कुनै पनि विदेशी आप्रवासी कामदारलाई भर्ती, नियुक्ति, खटाइ र स्वदेश फिर्ता लगायत रोजगारीसँग सम्बन्धित कुनै पनि पक्षमा भेदभाव गरिने छैन ।

a) कुनै पनि विदेशी आप्रवासी कामदारलाई निम्न मध्ये कुनै पनि पक्ष वा समान किसिमका व्यक्तिगत विशेषता, अनुभव वा आस्थाका आधारमा भेदभाव गरिने छैन: उमेर, लिङ्ग, जाति, छालाको रङ, आस्था, धर्म, सामाजिक हैसियत, राष्ट्रियता, जातीय समूह, वैवाहिक स्थिति, यौनिक प्राथमिकता, लैङ्गिक पहिचान र लैङ्गिक अभिव्यक्ति, गर्भावस्था, चिकित्सा इतिहास, भाइरल सङ्क्रमण वा त्यस्तै किसिमको सङ्क्रमण भएको वा नभएको, आनुवंशिक जानकारी, अपाङ्गता भएको वा नभएको, राजनीतिक दलको सदस्यता वा राजनीतिक प्राथमिकता, कानुनी प्रतिबन्धहरू लागू हुने अवस्थामा बाहेक भर्ती र रोजगारीको समयमा मजदुर युनियनको सदस्यता वा सैन्य सेवामा रहेको इतिहास ।

b) सबै विदेशी आप्रवासी कामदारहरूलाई स्थानीय कामदार सरह समान अधिकार हुने छ र मलेसियाको सान्दर्भिक कानुन बमोजिम सामाजिक सुरक्षा सुविधाको अधिकार हुने छ ।

VIII. संघमा आवद्धता, श्रमिक-व्यवस्थापन संवादको स्वतन्त्रता

मलेसियाको पानासोनिक ग्रुप अफ कम्पनिजले काम सम्बन्धी नियमहरू उल्लङ्घन नगरेसम्म मजदुर युनियनहरूको गतिविधिमा बाधा पुऱ्याउने छैनन् ।

a) सबै विदेशी आप्रवासी कामदारहरू मलेसियाको कानुनी मापदण्डहरू अनुरूप युनियनहरूमा सामेल हुन सक्ने छन् ।

IX. बसोवास अवस्था र आवास

मलेसियाको पानासोनिक ग्रुप अफ कम्पनिजले विदेशी आप्रवासी कामदारहरूलाई सुरक्षित, स्वच्छ, पर्याप्त र मर्यादित आवास उपलब्ध गराउने छन् ।

a) मलेसियाको पानासोनिक ग्रुप अफ कम्पनिजले विदेशी आप्रवासी कामदारहरूलाई निषेधाज्ञा वा अन्य कुनै पनि तरिकाले उपलब्ध गराइएको आवासभन्दा बाहिर हिँडडुल गर्न प्रतिबन्ध लगाउने छैनन् ।

b) विदेशी आप्रवासी कामदारहरूको कल्याण, सुरक्षा र आरोग्य सुनिश्चित गर्नका लागि कसरी व्यवस्थित, सुरक्षित, स्वच्छ, पर्याप्त र मर्यादित आवासको व्यवस्था गर्ने र उपलब्ध गराउने भन्ने कुरा व्याख्या गर्ने मानक नीति र प्रक्रियालाई विधिवत रूपमा कार्यान्वयन गरिने छ ।

X. उपचारमा पहुँच

मानव अधिकार उल्लङ्घनका बारेमा उजुरीहरू तुरुन्तै सम्बोधन गर्न र सोको उपचारमा सहजीकरण गर्न, मलेसियाको पानासोनिक ग्रुप अफ कम्पनिजले यसको व्हिसल-ब्लोइङ प्रणालीको प्रयोग, साथै सरकारी निकाय, व्यापारिक संघ र अन्य संस्थाहरूद्वारा उपलब्ध गराइएका गुनासो संयन्त्रहरूमा भाग लिन प्रोत्साहित गर्ने छन् । हामीले त्यस्ता रिपोर्टिङको गोपनीयतालाई कडाइका साथ कायम राख्ने छौँ, ह्विसलब्लोअर वा अन्य प्रभावित व्यक्तिहरूलाई प्रतिकूल व्यवहार गर्न निषेध गर्ने छौँ र सम्भावित उपचार उपलब्ध गराउन उनीहरूसँग तत्कास सम्पर्क गर्ने छौँ ।

XI. शिक्षा, समीक्षा र सुधार

मलेसियाको पानासोनिक ग्रुप अफ कम्पनिजले सबै विदेशी आप्रवासी कामदार र तिनका प्रबन्धकहरू, विदेशी आप्रवासी कामदारहरूको भर्ती र रोजगारीको जिम्मेवारी लिने व्यक्तिहरूलाई यस नीति सम्बन्धी उपयुक्त शिक्षा र प्रशिक्षण प्रदान गर्ने छन् । मलेसियाको पानासोनिक ग्रुप अफ कम्पनिजले यस नीतिलाई उनीहरूका सबै व्यावसायिक गतिविधिहरूमा समायोजन गरी प्रभावकारी ढङ्गले कार्यान्वयन र समायोजित गरिने कुरा सुनिश्चित गर्ने छन् । यो नीति र यसको कार्यान्वयन पानासोनिक ग्रुपको मानव अधिकार तथा श्रम नीतिको सुधार गर्ने दिशातर्फ निरन्तर समीक्षा र परिमार्जन गरिने छ ।

APPENDIX

Panasonic Group of Companies in Malaysia

No	Abbreviation	Company Name
1	PM	Panasonic Malaysia Sdn Bhd
2	PAVCKM	Panasonic AVC Networks Kuala Lumpur Malaysia Sdn Bhd
3	PPMY	Panasonic Procurement Malaysia Sdn Bhd
4	PMAM	Panasonic Management Malaysia Sdn Bhd
5	PIDMY	Panasonic Industrial Devices Malaysia Sdn Bhd
6	PMMA	Panasonic Manufacturing Malaysia Bhd
7	PISM	Panasonic Insurance Service Malaysia Sdn Bhd
8	PIDSMY	Panasonic Industrial Devices Sales (M) Sdn. Bhd.
9	PAPAMY	Panasonic Appliances Air-Conditioning Malaysia Sdn Bhd
10	PAPARADMY	Panasonic Appliances Air-Conditioning R&D Malaysia Sdn Bhd
11	PSNM	Panasonic System Networks Malaysia Sdn Bhd
12	PAPFMY	Panasonic Appliances Foundry Malaysia Sdn. Bhd.
13	PAPRDMY	Panasonic Appliances Refrigeration Devices Malaysia Sdn Bhd
14	PAVCJM	Panasonic AVC Networks Johor Malaysia Sdn Bhd
15	PFI	Panasonic Financial Centre (Malaysia) Sdn Bhd
16	PASMY	Panasonic Automotive System Malaysia Sdn Bhd
17	PAPRADAP	Panasonic Appliances R&D Center Asia Pacific Sdn Bhd
18	PFSISMY	Panasonic Factory Solutions Integration Systems Malaysia Sdn Bhd
19	KDKM	KDK Fans (M) Sdn Bhd